**आकाशवाणी समाचार- नेपाली**

मितिः ०८ फरवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो मनोरञ्जन, रचनात्मकता र संस्कृतिको दुनियाँलाई एकै ठाउँमा ल्याउने विश्वव्यापी शिखर सम्मेलन वेभ्सको सल्लाहकार बोर्डको बैठक आयोजना गर्नुभयो।

२. दिल्ली विधानसभा चुनावको मतगणना आज बिहान ८ बजेदेखि शुरु हुनेछ। मतगणनालाई ध्यानमा राख्दै राजधानीमा सुरक्षा व्यवस्था कडा पारिएको छ।

३. भारतले १०० गिगावाटभन्दा बढी सौर्य ऊर्जा उत्पादन गरेर एउटा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ।

४. ग्रामीण विकास तथा पञ्चायती राज मन्त्रालयले प्रयागराजमा चलिरहेको महाकुम्भ मेलामा एउटा मंडप स्थापना गरेको छ।

५. साझा समृद्धिका लागि डिजिटल सार्वजनिक पूर्वाधार निर्माण भन्ने विषयवस्तुका साथ कोलम्बोमा दुई दिने बिमस्टेक डिजिटल कन्क्लेभ सुरु भएको छ।

**पीएम-वेव्स**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो मनोरञ्जन, रचनात्मकता र संस्कृतिको दुनियाँलाई एकै ठाउँमा ल्याउने विश्वव्यापी शिखर सम्मेलन वेभ्सको सल्लाहकार बोर्डको बैठक आयोजना गर्नुभयो। उहाँले अभिनेता अमिताभ बच्चन, दिलजीत दोसांझ, रजनीकान्त, शाहरुख खान, रणबीर कपूर, चिरंजीवी, अनिल कपूर, अक्षय कुमार, अनुपम खेर लगायत देश र विश्वभरका शीर्ष पेशेवरहरूसँग अन्तरक्रिया गर्नु भयो। उहाँले संगीत निर्देशक ए.आर. रहमान, रिलायन्स इन्डस्ट्रिजका अध्यक्ष मुकेश अम्बानी, माइक्रोसफ्टका सीईओ सत्य नाडेला, महिन्द्रा एण्ड महिन्द्राका अध्यक्ष आनन्द महिन्द्रा र अन्य विशिष्ट व्यक्तिहरूलाई पनि भेट गर्नु भयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै प्रधानमन्त्रीले सल्लाहकार बोर्डका सदस्यहरू जीवनका विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरू भएको बताउनु भएको छ। श्री मोदीले भन्नु भयो, उनीहरू सबैले आफ्नो समर्थन मात्र दोहोऱ्याएनन् तर भारतलाई विश्वव्यापी मनोरञ्जन केन्द्र बनाउने प्रयासहरूलाई कसरी अझ बढाउने भन्ने बारेमा आफ्ना बहुमूल्य विचारहरू पनि साझा गरे।

****** ० ******

**मत गणना**

दिल्ली विधानसभा चुनावको मतगणना आज बिहान ८ बजेदेखि शुरु हुनेछ। मतगणनाका लागि दिल्लीका ११ जिल्लामा १९ वटा केन्द्रहरू स्थापना गरिएको छ। हाम्रो संवाददाताले जानकारी दिए अनुसार मतगणनालाई ध्यानमा राख्दै राजधानीमा सुरक्षा व्यवस्था कडा पारिएको छ।

****** ० ******

**भारत सौर्य ऊर्जा**

भारतले १०० गिगावाटभन्दा बढी सौर्य ऊर्जा उत्पादन गरेर एउटा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। यसले नवीकरणीय ऊर्जाको क्षेत्रमा विश्वव्यापी स्तरमा भारतको स्थिति बलियो बनाएको छ। नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ कि यो उपलब्धि स्वच्छ, हरियो भविष्यप्रति देशको प्रतिबद्धताको प्रमाण हो। यो प्रधानमन्त्री नरेन्द्र मोदीको २०३० सम्ममा ५०० गिगावाट गैर-जीवाश्म इन्धनमा आधारित ऊर्जा क्षमताको महत्वाकांक्षी लक्ष्य हासिल गर्ने दिशामा एक महत्वपूर्ण कदम हो।नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्री प्रह्लाद जोशीले विगत दश वर्षमा भारतको ऊर्जा यात्रा ऐतिहासिक र प्रेरणादायी रहेको बताउनु भयो। उहाँले भन्नु भयो, सौर्य प्यानल, सौर्य पार्क र छानाको सौर्य परियोजना जस्ता पहलहरूले क्रान्तिकारी परिवर्तन ल्याएको छ। उहाँले भन्नु भयो, भारत आत्मनिर्भर मात्र बनेको छैन तर हरित ऊर्जाको क्षेत्रमा विश्वलाई नयाँ बाटो पनि देखाउँदैछ।भारतले सौर्य उत्पादनमा पनि उल्लेखनीय प्रगति गरेको छ। २०१४ मा, देशको सौर्य मोड्युल उत्पादन क्षमता केवल २ गिगावाट थियो। तर पछिल्लो दशकमा यो २०२४ सम्ममा ६० गिगावाट पुगेको छ, जसले गर्दा भारत सौर्य उत्पादनमा विश्वव्यापी नेता बनेको छ।

****** ० ******

**नागरिक उड्डयन**

केन्द्रीय नागरिक उड्डयन मन्त्री राम मोहन नायडूले हिजो देशमा विमान उपकरण निर्माण गतिविधिहरूको समीक्षा रप्रवर्द्धन गर्न उच्च स्तरीय बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा नागरिक उड्डयन सचिव वी. भुल्नाम लगायत वरिष्ठ अधिकारीहरू र उद्योग संघ, अनुसन्धान संस्थान र विभिन्न सरकारी विभागका प्रतिनिधिहरूको उपस्थिति थियो। यसले घरेलु उत्पादनलाई सुदृढ पार्ने र विमान उपकरण निर्माणको क्षेत्रमा भारतको विश्वव्यापी प्रतिस्पर्धात्मकता बढाउने बारेमा छलफल गर्यो।श्री नायडूले भन्नु भयो, भारतको विश्वव्यापी नागरिक उड्डयन क्षेत्रमा पहिले नै सम्मानजनक स्थान छ तर हाम्रो लक्ष्य अग्रणी बन्ने हो। उहाँले सीप विकास, डिजाइन, निर्माण, रखरखाव र प्रमाणीकरण समेट्ने बृहत् उड्डयन प्रणाली निर्माणको महत्त्वमा जोड दिनु भयो। उहाँले भन्नु भयो, भारत नागरिक उड्डयनको प्रमुख केन्द्र र विमान उपकरण निर्माणको केन्द्रको रूपमा उदाउने बाटोमा छ।

****** ० ******

**महाकुम्भ - ग्रामीण विकास**

ग्रामीण विकास तथा पञ्चायती राज मन्त्रालयले प्रयागराजमा चलिरहेको महाकुम्भ मेलामा एउटा मंडप स्थापना गरेको छ। यसले सरकारी योजना र आवश्यक सुविधाहरूले सुसज्जित आदर्श गाउँ मोडेल प्रदर्शन गर्दछ। थप विवरण हाम्रा संवाददाताबाट-

**बाइट**

मन्त्रालयले प्रस्तुत गरेको आदर्श गाउँ मण्डपले महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी ऐन-मनरेगा अन्तर्गत प्रदान गरिएका विद्यालय, पञ्चायत घर, आँगनवाडी, स्थायी आवास र रोजगारीका अवसरहरूसहित विभिन्न सुविधाहरूलाई प्रकाश पार्छ। आकाशवाणी समाचारसँग कुरा गर्नु हुँदै मण्डपकी इन्चार्ज रिया सिंहले भन्नु भयो, यस प्रदर्शनीमा ग्रामीण क्षेत्रमा सञ्चालित सबै सरकारी योजनाहरू प्रदर्शन गरिएको छ।

**बाइट**

मण्डपका आगन्तुक सन्दीपले प्रदर्शनीले गाउँको वास्तविक संस्कृतिलाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने बताउनु भयो।

**बाइट**

शिक्षा, सीप तालिम र पूर्वाधारदेखि रोजगारी सिर्जना र आवास सुविधासम्म, यो मोडेलले ग्रामीण जनसंख्याको आर्थिक र सामाजिक दुवै रूपमा समग्र विकासलाई प्रकाश पार्छ।

**बाइट**

****** ० ******

**बॉम्बे एच.सी.-केनरा बैंक**

बम्बई उच्च न्यायलयले दिवालियापनबाट प्रभावित रिलायन्स कम्युनिकेसन्ससँग जोडिएको उद्योगपति अनिल अम्बानीको ऋण खाता भारतीय रिजर्भ बैंक - आरबीआईमा हस्तान्तरण गर्ने क्यानरा बैंकको नोभेम्बर २०२४ को आदेशलाई रोक लगाएको छ। यसलाई २०१३ को मास्टर सर्कुलर अन्तर्गत ठगीको रूपमा वर्गीकृत गरिएको थियो। न्यायाधीश रेवती मोहिते डेरे र नीला गोखलेलेको डिभिजन बेन्चले बैंकको कारबाहीलाई चुनौती दिने अनिल अम्बानीले दायर गरेको निवेदनमा क्यानरा बैंकबाट पनि जवाफ मागेको छ। न्यायलयले आरबीआईले आरबीआईको दिशानिर्देशहरूको पालना नगर्ने बैंकहरू विरुद्ध कुनै कारबाही गर्ने प्रस्ताव राखेको छ कि छैन भन्ने बारेमा पनि स्पष्टीकरण मागेको छ। सरकारले बारम्बार आरबीआईको मास्टर सर्कुलर र सर्वोच्च अदालतको आदेशहरूको उल्लङ्घन गरेको छ जसमा भनिएको छ कि ऋणीहरूलाई उनीहरूको खातालाई धोखाधडीको रूपमा वर्गीकृत गर्नु अघि आफ्नो मुद्दा प्रस्तुत गर्ने अवसर दिइनुपर्छ। क्यानरा बैंकलाई २८ फरवरीसम्ममा आफ्नो जवाफ पेश गर्न निर्देशन दिइएको थियो। मुद्दाको सुनुवाइ ६ मार्चमा हुनेछ।

****** ० ******

**महा-तत्करे-योजना (मुम्बई मेट्रो)**

महाराष्ट्र राज्यकी महिला तथा बाल कल्याण मन्त्री अदिती तटकरेले ५ लाख महिलालाई मुख्यमंत्री माझी लडकी बहन योजनाको लागि अयोग्य घोषित गरिएको घोषणा गर्नु भएकोछ। यी मध्ये २ लाख ३० हजार महिला संजय गान्धी निराधार योजनाका लाभार्थी छन् भने १ लाख १० हजार महिला ६५ वर्षभन्दा माथिका छन्। यसबाहेक, चार चक्के सवारी साधन भएका परिवारका महिला, नमो शक्ति योजनाका लाभार्थी र स्वेच्छाले योजनाबाट बाहिरिएका एक लाख साठी हजार महिलालाई पनि मुख्यमन्त्री माझी लड्की बहन योजनाबाट बहिष्कृत गरिएको छ।

****** ० ******

**भारतीय भाषा महोत्सव (मुम्बई मेट्रो)**

भारतीय भाषा नाटक महोत्सव २० फरवरीदेखि २ मार्चसम्म मुम्बईमा आयोजना हुनेछ। यो अखिल भारतीय मराठी नाट्य परिषद्ले आयोजना गर्नेछ। महोत्सवमा बंगाली, तमिल, अंग्रेजी र मराठी भाषामा नाटकहरू प्रस्तुत गरिनेछ, जसले कलाकारहरू र रंगमञ्च उत्साहीहरूलाई विविध नाट्य परम्पराहरूको अन्वेषण गर्न प्लेटफर्म प्रदान गर्नेछ। यी प्रस्तुतिहरू यशवंत नाट्य मन्दिर, जयश्री र जयन्त सालगाँवकर प्रायोगिक थिएटर र अन्नाभाउ साठे नाट्यगृहमा हुनेछन्। यो कार्यक्रमको उद्देश्य भारतका विभिन्न क्षेत्रका थिएटर प्रेमीहरूलाई एकै ठाउँमा ल्याउनु र नाटकहरू प्रदर्शन गर्नु हो।

****** ० ******

**श्रीलंका-बिमस्टेक**

साझा समृद्धिका लागि डिजिटल सार्वजनिक पूर्वाधार निर्माण भन्ने विषयवस्तुका साथ कोलम्बोमा दुई दिने बिमस्टेक डिजिटल कन्क्लेभ सुरु भएको छ। श्रीलंकाका लागि भारतका उच्चायुक्त सन्तोष झा, बिमस्टेकका महासचिव इन्द्रमणि पाण्डे, श्रीलंका सरकारका उपमन्त्रीहरू इरंगा वीररत्ने र चथुरंगा अबेसिंघेको उपस्थितिमा कार्यक्रमको उद्घाटन गरिएको

थियो।सम्मेलनमा प्यानल छलफलहरू समावेश छन् जसमा यस क्षेत्रका डिजिटल अर्थतन्त्र क्षेत्रका प्रख्यात अगुवाहरु र विज्ञहरूले आफ्नो अन्तर्दृष्टि साझा गरेका थिए। कार्यक्रममा बोल्दै, श्री झाले डिजिटल पूर्वाधारलाई सुदृढ पार्ने भारतको पछिल्लो दशकको यात्रा र यसले नागरिकहरूलाई प्रदान गरेको फाइदामाथि प्रकाश पार्नु भयो। यस अवसरमा, श्रीलंकाका उद्योग तथा उद्यमशीलता विकास उपमन्त्रीले सदस्य राष्ट्रहरूबीच ज्ञान र प्रविधि बाँडफाँडमा बिमस्टेकको भूमिकामा जोड दिनु भयो। यस सम्मेलनमा सामाजिक तथा वित्तीय समावेशीकरणका लागि डिजिटल पहिचान, डिजिटल भुक्तानी र डिजिटल स्वास्थ्य लगायतका विभिन्न विषयहरूमा छलफल हुनेछ।

****** ० ******